आज मिति २०७४ चैत्र ५ गतेका दिन यस शितगंगा नगरपालिका प्रमुख सूर्य प्रसाद अधिकारीज्यू को अध्यक्षतामा देहायको उपस्थिमा नगरकार्यपालिकाको कार्यालयमा नगरकार्यपालिको बैठक बसी देहाय बमोजिम निर्णय गरियो ।

| | |
|---|---|
| १. | प्रमुख श्री सूर्य प्रसाद अधिकारी शितगंगा नगरपालिका |
| २. | उप प्रमुख श्री टिकाराम रेश्मी मगर शितगंगा नगरपालिका |
| ३. | सदस्य श्री बुद्धिकृष्ण पौडेल शितगंगा नगरपालिका |
| ४. | सदस्य श्री गोबर्धन थापा शितगंगा नगरपालिका |
| ५. | सदस्य श्री हेमनाथ भुसाल शितगंगा नगरपालिका |
| ६. | सदस्य श्री दामोदर अधिकारी शितगंगा नगरपालिका |
| ७. | सदस्य श्री कमल पौडेल शितगंगा नगरपालिका |
| ८. | सदस्य श्री ऋषि बहादुर रेश्मी शितगंगा नगरपालिका |
| ९. | सदस्य श्री मोहन प्रसाद पन्थी शितगंगा नगरपालिका |
| १०. | सदस्य श्री रुक बहादुर आले शितगंगा नगरपालिका |
| ११. | सदस्य श्री भिम बहादुर के.सी. शितगंगा नगरपालिका |
| १२. | सदस्य श्री हिम्मत पोखरेल शितगंगा नगरपालिका |
| १३. | सदस्य श्री कोपिलचन्द्र आले शितगंगा नगरपालिका |
| १४. | सदस्य श्री बावुराम गैरे शितगंगा नगरपालिका |
| १५. | सदस्य श्री दुर्गा बहादुर वि.सी. शितगंगा नगरपालिका |
| १६. | सदस्य श्री दामोदर न्यौपाने शितगंगा नगरपालिका |
| १७. | सदस्य श्री पवित्रा थापा गैरे शितगंगा नगरपालिका |
| १८. | सदस्य श्री जीवा पौडेल शितगंगा नगरपालिका |
| १९. | सदस्य श्री शान्ता अधिकारी शितगंगा नगरपालिका |
| २०. | सदस्य श्री कमला वेल्वासे शितगंगा नगरपालिका |
| २१. | सदस्य श्री अर्चना राना मगर शितगंगा नगरपालिका |

२२. सदस्य श्री राम बहादुर दर्नाल शितगंगा नगरपालिका

२३. सदस्य श्री विष्णु बहादर परियार शितगंगा नगरपालिका

२४. सदस्य श्री गोपाल वि.क. शितगंगा नगरपालिका

२५. सदस्य सचिव श्री हरि नारायण बेल्वासे शितगंगा नगरपालिका

सहयोगी कर्मचारीहरु

१. श्री तुकमान पुन मगर लेखा अधिकृत

२. श्री माधव बन्जाडे शिक्षा अधिकृत

३. श्री कृष्ण प्रसाद पौडेल स्वास्थ्य संयोजक

४. श्री नुमलाल खनाल ना.सु. शितगंगा न.पा.

५. श्री ओम प्रकाश पाण्डे नायव सुव्वा शि.न.पा.

६. श्री हुम बहादुर लामिछाने शितगगां न.पा. स.ई.

बैठकका एजेन्डा (प्रस्तावहरु) :-

१. वडा तर्फको कार्यक्रम संसोधन सम्बन्धमा ।

२. आर्थिक सहायतको खर्च रकम अनुमोदन सम्बन्धमा ।

३. पदाधिकारीहरुको आचारसंहिता सम्बन्धमा ।

४. नगरपालिका सँग सम्बन्धित विभिन्न कार्यविधिहरु निर्माण ।

५. नगरपालिका सँग सम्बन्धित विभिन्न ऐनहरु निर्माण ।

६. घरभाडा सम्बन्धमा ।

७. वडा नं. ९ र ११ को वडा कार्यालय व्यवस्थापन सम्बन्धमा ।

८. वडा नं. ९ कार्यालय सहयोगि कर्मचारी सम्बन्धमा ।

९. फायरलाईन निर्माण र वातावरणिय प्रभाव मुल्याङ्कन सम्बन्धमा ।

१०. वडा नं . ११ को वडा कार्यालय संचालन/कार्यालय सहयोगी सम्बन्धमा ।

११. ऐन, नियमावली, कार्यविधि तथा निर्देशिका निर्माणको खर्च सम्बन्धमा ।

१२. प्राविधिक कर्मचारी नियुक्ति सम्बन्धमा ।

१३. संगठन संरचना सम्बन्धमा ।

**निर्णयहरु**

निर्णय नं. :- १

प्रस्ताव नं १ माथि छलफल गर्दा चालु आ.व.को नगरपालिका वित्तिय समानिकरण अनुदान तर्फको रकम विनियोजन गर्दा वडा नं. २ को सि.नं.४७ मा हियुमपाईप खरिद शिर्षकमा रु ३५००००।- विनियोजन भएकोमा उक्त रकमबाट रु १०००००।- घटाई भुवनपाटा सुपादेउराली मोटरबाटो स्तरोन्नती मा थप गर्न भनि वडा समितिको बैठकको निर्णय सहित संसोधनलाई लेखि आएकोले माग बमोजिम योजनाको रकम संसोधन गर्ने निर्णय गरियो ।

निर्णय नं. :- २

प्रस्ताव नं २ माथि छलफल गर्दा यस नगरपालिका भित्र बसोबास गर्ने आर्थिक अवस्था निकै कमजोर भएका विभिन्न रोग लागि उपचारमा समस्या भई रहेका व्यक्तिहरुबाट सहयोग माग भई आएकोमा नगर प्रमुखको तोक आदेश बाट मिति २०७४/९/८ देखी मिति २०७४/१२/२ सम्म वितरण भएको रकम रु १०००००।- लाई अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं. :- ३

प्रस्ताव नं ३ माथि छलफल गर्दा कार्यालयको तर्फबाट पेश भएको यस शितगंगा नगरपालिकाका पदाधिकारीहरुको आचारसंहिता, २०७४ का सन्दर्भमा अध्ययन तथा छलफल भई पेश भएकोमा केही संसोधन गरी स्वीकृत गरियो । साथै संचालन भईरहेको नगर सभाको बैठकमा अनुमोदनका लागी पेश गरी नगर सभाबाट अनुमोदन  भएपछी लागू गर्ने निर्णय गरियो ।

निर्णय नं. :- ४

प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस नगरपालिकाको लागि आवश्यक पर्ने कार्यालयबाट पेश हुन आएका निम्न अनुसारका निर्देशिका, कार्यविधि, नियमावलीहरुका सन्दर्भमा अध्ययन तथा छलफल भई पेश भएकोमा केही संसोधन गरी स्वीकृत गरियो । साथै संचालन भईरहेको नगर सभाको बैठकमा अनुमोदनका लागी पेश गरी नगर सभाबाट अनुमोदन  भएपछी लागू गर्ने निर्णय गरियो ।

**तपशिल**

(क) नगर कार्यपालिकाको बैठक संचालन सम्बन्धी कार्यविधि, २०७४

(ख) शितगंगा नगरपालिकाको बजार अनुगमन निर्देशिका, २०७४

(ग) नगर कार्यपालिका (कार्यसम्पादन) नियमावली, २०७४

(घ) स्थानीय राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि, २०७४

निर्णय नं. :- ५

प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस नगरपालिकाको लागि आवश्यक पर्ने कार्यालयबाट पेश हुन आएका निम्न अनुसारका ऐनहरुका सन्दर्भमा अध्ययन तथा छलफल भई पेश भएकोमा केही संसोधन गरी संचालन भईरहेको नगर सभाको बैठकमा स्वीकृतको लागि पेश गर्ने निर्णय गरियो ।

**तपशिल**

(क) शितगंगा नगरपालिकाको आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित गर्न बनेको ऐन, २०७४

(ख) न्यायिक समितिले उजुरीको कारवाही किनारा गर्दा अपनाउनु पर्ने कार्यविधिका सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७४

(ग) शितगंगा नगरपालिकाको कृषि व्यवसाय प्रवर्द्धन ऐन, २०७४

(घ) प्रशासकीय कार्यविध (नियमित गर्ने) ऐन, २०७४

(ङ) शितगंगा नगरपालिकाको सहकारी ऐन, २०७४

निर्णय नं. :- ६

प्रस्ताव नं. ६ माथि छलफल गर्दा चालु आ.व.मा यस कार्यालयको निम्न प्रयोजनामा रहेका निम्न घरधनिहरुको घरभाडा मासिक कर सहित निम्नानुसार निर्धारण गर्ने निर्णय गरियो ।

तपशिल

१. विष्णु प्रसाद अधिकारी शिनपा ३ ठाड अ.खा. रु २५०००।- (कार्यालय प्रयोजन)

२. रामकृष्ण श्रेष्ठ शिनपा ३ ठाडा अ.खा. रु १६०००।- (कार्यालय र स्टोर प्रयोजन)

३. टोपलाल पाण्डे शिनपा ३ ठाडा अ.खा. रु ५०००।- (उप- प्रमुख निवास)

४. विष्णु प्रसाद अर्याल शिनपा ३ ठाडा अ.खा. रु ८५००।- (न्यायिक समिति र स्टोर)

५. रिख बहादुर खनाल शिनपा ३ ठाड अ.खा. रु २०००।- (स्टोर प्रयोजन)

६. हिमलाल अधिकारी शिनपा ३ ठाडा अ.खा. रु ५०००।- (कार्यालय प्रयोजन)

निर्णय नं. :- ७

प्रस्ताव नं. ७ माथि छलफल गर्दा यस नगरपालिका अर्न्तगतको वडा नं. ९ र ११ वडा कार्यालय व्यवस्थापन गर्ने शिलशिलामा दुवै वडामा क्रमस रु १८००००।- का दरले फर्निचर खरिद भैसकेको हुँदा सो रकम अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं. :- ८

प्रस्ताव नं. ८ माथि छलफल गर्दा यस नगरपालिका अर्न्तगतका वडाहरुमा १/१ जना कार्यालय सहयोगि ज्यालादारीमा काममा लगाउने निर्णय भएकोमा वडा नं. ९ भौगोलिक रुपमा सवै भन्दा ठूलो भएको र २ स्थानबाट वडा कार्यालयहरु संचालन भई रहेको अवस्थामा २ जना कार्यालय सहयोगी काममा लगाईएको हुँदा सो लाई अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं. :- ९

प्रस्ताव नं. ९ माथि छलफल गर्दा यस नगरपालिका अर्न्तगतका वडा ११ को च.नं. १५८ मिति २०७४/१०/१७ को पत्रबाट सिमा क्षेत्र भित्र फायरलाईन निर्माण र गुडरुङ्ग खोला पक्की पुलको वातावरणीय प्रभाव मुल्याङ्कन गराई दिन भनि वडा समितिको बैठकको निर्णय सहित माग भई आएकोले उक्त अनुसार अर्घाखाँची र कपिलवस्तुको सिमा क्षेत्र टिक्करी देखि खयरभट्टी हुदै जावुनेवास सम्म फायरलाईन निर्माणको लागि जिल्ला वन कार्यालयलाई अनुरोध गर्ने निर्णय गरियो । जिल्ला समन्वय समितिबाट गत आ.वा.मा डिपीआर तयार भई सकेको उक्त पुलको नगरपालिकाबाट बजेटको व्यवस्थापन गरी वातावरणीय प्रभाव मुल्याङ्कन गराउने निर्णय गरियो ।

निर्णय नं. :- १०

प्रस्ताव नं. १० माथि छलफल गर्दा यस नगरपालिका अर्न्तगतका वडा ११ को च.नं. ११९ मिति २०७४/९/१५ को पत्रबाट स्थायी वडा कार्यालय खयर भट्टी र अस्थायी वडा कार्यालय ढुङ्गेसेरा टिक्करीमा राख्ने भनि गरेको निर्णयको प्रतिलिपी संलग्न राखी जानकारीको लागि लेखी आएको व्यहोरा आजको बैठकमा जानकारी भयो । साथै भौगोलिक विकटताका कारण २ स्थानबाट वडा कार्यालयहरु संचालन भई रहेको अवस्थामा २ जना कार्यालय सहयोगी लाई समेत अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं. :- ११

प्रस्ताव नं. ११ माथि छलफल गर्दा यस नगरपालिकाको कार्यालयको तर्फबाट तयार भएका विभिन्न ऐन नियम, निर्देशिका, नियमावली निर्माणमा भएको परामर्श सेवा बापतको रकम र सो मा भएका अन्य खर्च भुक्तानी गर्ने निर्णय गरियो ।

निर्णय नं. :- १२

प्रस्ताव नं. १२ माथि छलफल गर्दा नगरपालिकाका योजनाहरु धेरै भएको र प्राविधिक कम भएका कारण समयमा कार्य सम्पादनमा समस्या आईरहेको सन्दर्भमा नगरपालिकाको कार्यालयबाट इन्द्रमणि

खनाल लाई स.ई र  तुल्सीराम पौडेललाई स.ई.मा दैनिक ज्यालादारीमा कामकाजमा लगाईएकोलाई समर्थन गर्ने निर्णय गरियो ।

निर्णय नं. :- १३

प्रस्ताव नं. १३ माथि छलफल गर्दा शितगंगा नगरपालिकाको तयार भएको संगठन संरचना स्वीकृती गर्ने निर्णय गरियो ।

निर्णय नं. :- १४ यस नगरपालिका अर्न्तगतका वडा ९ को सि.नं. २३ मा लामीदमार बराहदह संरक्षण तथा शिवालय मन्दिर व्यवस्थापन शिर्षकमा रु १२००००।- विनियोजन भएकोमा बराहदह माघी महोत्सव मनाउदा खर्च बढी भएकोले खर्चका विल भरपाई पेश भएको आधारमा न.पा. अनुदान वित्तिय समानिकरण अनुदान तर्फ विभिन्न कार्यक्रम म्याचिङ्ग शिर्षकबाट रु ५००००।- थप गरी भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं. :- १५ यस नगरपालिकाबाट संचालन भईरहेका र हुने स-साना योजनाहरुको रकम भुक्तानी सम्बन्धमा रु ५००००।- सम्मको खाता खोल्न कठिनाइ भएकोले सम्बन्धित योजनाका उपभोक्ता समितिका अध्यक्षका नाममा भुक्तानी गर्ने निर्णय गरियो ।

निर्णय नं. :- १६ यस नगरकार्यपालिकाको मिति २०७४/१०/२८ को बैठकको सि.नं. १ मा विविध खर्च प्रतिवडा प्रति महिना रु १३०००।- हुनु पर्नेमा विविध खर्च (वडाको बैठकको खाजा खर्च र अनुगमन समेत) भएकोले विविध खर्च रु १३०००।- कायम गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

निर्णय नं. :- १७ यस शितगंगा नगरपालिको आर्थिक नियन्त्रण सम्बन्धमा प्रथम नगर सभाबाट गठीत आर्थिक समितिले कार्यविधि तयार गरी आगामी कार्यपालिकाको बैठकमा पेश गर्न लगाउने निर्णय गरियो ।

निर्णय नं. :- १८ यस शितगंगा नगरपालिका अर्न्तगतका विभन्न स्वास्थ्य संस्थाहरुमा कार्यरत निम्न स्वास्थ्य कर्मीहरु/कर्मचारीहरुको अर्को व्यवस्था नभए सम्म बढीमा आषाढ मसान्त सम्मको लागि मासिक निम्न अनुसारको तलव दिने निर्णय गरियो ।

तपशिल

(क) इन्दिरा घिमिरे ल्याव असिस्टेन्ट जुकेना स्वास्थ्य चौकी रु १६०००।-

(ख) रोसना बेल्वासे अनमी जुकेना स्वास्थ्य चौकी रु १३०००।-

(ग) मधु थापा अहेव हर्रे सा.के सिद्धारा रु १५०००।- (मिति ७४ पौष १ गते देखी)

(घ) नेत्र पौडेल अहेव  सिद्धारा स्वास्थ्य चौकी तलव रु १५०००।-

(ङ) ओमलाल ओली अहेव लामीदार सामुदायिक केन्द्र सिद्धारा रु १५०००।-

(च) मधु पन्थी अहेव लाहापे सामुदायिक केन्द्र जलुके रु १५०००।-

(छ)  सिता वेल्वासे सा.स्वा.प्र जुकेना स्वास्थ्य चौकी रु २५००।- (मिति ७४ कार्तिक मसान्त सम्मको

(झ) देवकला भुसाल का.स. जुकेना स्वास्थ्य चौकी रु ३०००।-

(ञ) टेकलाल वेल्वासे अहेव ठाडा प्रा.स्वा.के रु १००००।-

(ट) बालकृष्ण श्रेष्ठ अहेव ठाडा प्रा.स्वा.के रु १००००।-

(ठ) शारदा घिमिरे का.स.ठाडा प्रा.स्वा.के रु ८०००।-

(ड) विक्रम श्रेष्ठ एम्वुलेन्स चालक ठाडा प्रा.स्वा.के रु ७५००।-

(ढ) शुशिला वि.सी अनमी सिमलपानी स्वास्थ्य चौकी रु ११५००।-

(ण) रिता खनाल सा.स्वा.प्र. सिमलपानी स्वास्थ्य चौकी रु ३०००।-(मिति ७४ कार्तिक मसान्त सम्मको)

(त) गिता अधिकारी का.स. सिमलपानी स्वास्थ्य चौकी रु ६५००।-

(थ) मनकला घ.म.का.स. लाहापे सा. स्वास्थ्य केन्द्र रु ६५००।-

(द) सावित्र वि.क..का.स. जलुके स्वास्थ्य चौकी  रु २५००।-

(ध) कमला वेल्वासे सा. स्वा. प्र.जलुके स्वास्थ्य चौकी रु २५००।- (मिति ७४ कार्तिक मसान्त सम्मको)

(न) कमला शर्मा स्वा.अ.कर्ता सुवर्णखाल स्वास्थ्य चौकी रु ५५००।-(मिति ७४ माघ मसान्त सम्मको)

(प) शंगिता वि.सी. अहेव पावर सामुदायिक स्वास्थ्य केन्द्र रु १००००।- (मिति ७४ पौष १ गते देखी)

(फ) निर्मला सारु अहेव करेचुली सामुदायिक स्वास्थ्य केन्द्र रु १००००।- (मिति ७४ पौष १ गते देखी)

(ब) निर्मला घिमिरे खनाल का.स. स्वास्थ्य शाखा रु ११०००।- (मिति ७४ चैत्र १ गते देखी)

(भ) पवित्रा अधिकारी का.स. ठाडा प्रा.स्वा.के. रु ११०००।-

(म) कुलानन्द घिमिरे का.स. ठाडा प्रा.स्वा.के. रु ११०००।- (मिति ७४ चैत्र १ गते देखी)

(य) ............................... का.स. सितापुर.स्वा.चौकी रु ११०००।- (मिति ७४ चैत्र १ गते देखी)

(र) रमिता ओली डागी का.स. लामिदमार सा.स्वा.के. रु ७५००।-

(ल) रविना नेपाली स्वीपर शिनपा रु ८०००।- (मिति ७४ चैत्र १ गते देखी)

(व) जनक अधिकारी अहेव रजिया सा.स्वा.के रु १२०००।-

निर्णय नं. :- १९  न.पा., वडा, विभिन्न कार्यालयहरुबाट वडा भित्र संचालन भएका योजना तथा कार्यक्रमको अनुगमन फरफारक लगायतका कामको चाप वडामा भएकोले चालु आ.व.को लागि प्रति महिना रु ३०००।- का दरले वडालाई अनुगमन प्रतिवेदन तथा खर्चका विल भरपाईका आधारमा अनुगमनको लागि रकम उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. :- २०  यस शितगंगा नगरपालिको चालु आ.व.को वित्तिय समानिकरण चालु खर्च तर्फको बचत हुने रकमबाट कार्यालय प्रयोजनको लागी गाडी खरिद गर्ने निर्णय गरियो ।

निर्णय नं २१ चालु आ.व.को नगरपालिका वित्तिय समानिकरण अनुदान तर्फको रकम विनियोजन गर्दा वडा नं. १० को सि.नं. ३९ चौविस घण्टे प्रसुति सेवा संचालन शिर्षकमा रहेको रु १,५०,०००।- हटाई सो को सट्टा हर्रेमा गाउँघर क्लिनिक भवन निर्माण शिर्षकमा रकम थप गर्ने भनि वडा समितिको बैठकको निर्णय सहित संसोधनको लागि लेखी आएकोले माग बमोजिम योजना संसोधन गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

निर्णय नं. २२ प्रथम नगरसभाबाट यस शितगंगा नगरपालिकामा कार्यरत कर्मचारीहरुको लागि अतिरिक्त प्रोत्साहान भत्ता दिने निर्णय भएबमोजिम अतिरिक्त समय कार्य गरेबापत प्रोत्साहान भत्ताको लागि पेश भएबमोजिमका मापन सूचकहरु लागु गरी उक्त अनुसार तोकिएको प्रतिशत सिमाभित्र रही प्राप्ताङ्कका आधारमा भत्ता दिने निर्णय गरियो ।

निर्णय नं. :- २३ स्वास्थ्य, कृषि, भेटनेरी, सम्बद्ध कर्मचारी, वडा सचिव, शिक्षकहरुको सम्बन्धीत वडा अध्यक्षहरुबाट हाजिरी प्रमाणित नभए सम्म उक्त कर्मचारीहरुलाई तलव भत्ता भुक्तानी नगर्ने र उक्त विषयमा जानकारी तथा कार्यान्वयनको लागि विद्यालय, स्वास्थ्य संस्था लगायत सबै कार्यलयहरुमा पत्राचार गर्ने ।

निर्णय नं. :- २४ सिमलपानीमा आखा शिविर संचालन गर्दा भएको खर्च रु ४२०००।- भुक्तानी गर्ने निर्णय गरियो ।

निर्णय नं. :- २५ जग्गा धनि प्रमाण पत्र वितरण कार्यक्रममा निम्न वडामा भएको खर्च भुक्तानी गर्ने निर्णय गरियो ।

वडा नं. ७ मा रु १९०००।-

वडा नं. ९ मा रु २२५००।-

वडा नं. १० मा रु ३००००।-

वडा नं. ११ मा रु १७०००।-

वडा नं. १४ मा रु १९५००।-

निर्णय नं. :- २६ सिमलपानी स्वास्थ्य चौकीमा जडान भएको विद्युतको रकम रु ३२०००।- भुक्तानी गर्ने र थ्रि-फेस हटाई सिङ्गल फेसको लाईन जडानको लागि विद्युत प्राधिकरण अ.खा.मा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. :- २७ शिनपा भित्र विभिन्न वडाको क्षेत्रमा उत्खनन हुने सवै प्रकारका नदी जन्य ढुङ्गा, ग्राभेल र किलिङ्गकरमा प्रयोग हुने रातोमाटो तथा अन्य खानीबाट ढुङ्गा, गिट्टी उत्खनन विक्रीमा चालु आ.व.को लागि अर्घाखाँचीमा कायम रहेको रु ४।५२ प्रति क्यूफिटका दरले अर्को व्यवस्था नभए सम्म वडा कार्यालयले तदारुकताका साथ असुली गरी न.पा.मा दाखिला गर्ने साथै निजी जग्गाबाट उत्खनन भएको ढुङ्गा, गिट्टीको पनि सोही बमोजिम रु ४।५२ का दरले असुल गर्ने निर्णय गरियो । साथै स्थानीबासीको लागी निजी प्रयोजनका लागी प्रति क्यू फिट रु २ का दरले लिने । (नदी जन्य उपज)

निर्णय नं. :- २८ कुनै पनि आयोजना, सडक, विद्यालय, उद्योग लगायतका निर्माण कार्यमा प्रयोग भएको गिट्टी, बालुवा, ढुङ्गा को रोयल्टी सम्बन्धित निर्माण व्यवसायिबाट सम्बन्धित वडाले असुल गर्ने । साथै अन्य माटोको हकमा प्रतिक्यूफिट रु २ का दरले निर्माण व्यवसायी/प्रयोगकर्ता बाट लिने ।

निर्णय नं. :- २९ सिमेन्ट उद्योगमा किलिङ्गकरको लागि रातोमाटोको परिमाण एकिन गरी सम्बन्धित वडाले माथि तोकिए बमोजिमको दररेटमा रोयल्टी संकलन गरी न.पा.मा दाखिला गर्ने निर्णय गरियो ।